विदुर नगरपालिकाका नगर प्रमुख एवं सभा अध्यक्ष श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा नगरसभाको १७औं अधिवेशनको तेश्रो बैठक मिति २०८२ असार २० गते शुक्रवारका दिन निम्न नगरसभा सदस्यज्यूहरुको उपस्थितिमा वसियो ।

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख/सभा अध्यक्ष | | |
| २ | श्री प्रभा वोगटी | नगर उप-प्रमुख | | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | विदुर न.पा. १ | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | विदुर न.पा. २ | |
| ५ | श्री वद्री प्रसाद रिमाल | वडा अध्यक्ष | विदुर न.पा. ३ | |
| ६ | श्री निलम वावु ढुंगेल | वडा अध्यक्ष | विदुर न.पा. ४ | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | विदुर न.पा. ५ | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | विदुर न.पा. ६ | |
| ९ | श्री रविन्द्र नेपाल | वडा अध्यक्ष | विदुर न.पा. ७ | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | विदुर न.पा. ८ | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | विदुर न.पा. ९ | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | विदुर न.पा. १० | |
| १३ | श्री वावुराम तमाङ | वडा अध्यक्ष | विदुर न.पा. ११ | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | विदुर न.पा. १२ | |
| १५ | श्री भरत बहादुर तमाङ | वडा अध्यक्ष | विदुर न.पा. १३ | |
| १६ | श्री सवु मिजार | कार्यपालिका सदस्य | विदुर न.पा. २ | |
| १७ | श्री सावित्री राई | कार्यपालिका सदस्य | विदुर न.पा. ३ | |
| १८ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | विदुर न.पा. ५ | |
| १९ | श्री शिव बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | विदुर न.पा. ७ | |

CamScanner

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| २० | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | विदुर न.पा. ८ | |
| २१ | श्री रिताराम मिजार | कार्यपालिका सदस्य | विदुर न.पा. ९ | |
| २२ | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | विदुर न.पा. १० | |
| २३ | श्री विन्द्या तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | विदुर न.पा. ११ | |
| २४ | श्री भगवती राजभण्डारी | सदस्य | विदुर न.पा. १ | |
| २५ | श्री विष्णुमाया सुनार | सदस्य | विदुर न.पा. १ | |
| २६ | श्री निजेश श्रेष्ठ | सदस्य | विदुर न.पा. १ | |
| २७ | श्री रामगोपाल श्रेष्ठ | सदस्य | विदुर न.पा. १ | |
| २८ | श्री गिता तिमल्सिना | सदस्य | विदुर न.पा. २ | |
| २९ | श्री आनन्दलाल श्रेष्ठ | सदस्य | विदुर न.पा. २ | |
| ३० | श्री रन्जन कुमार थापामगर | सदस्य | विदुर न.पा. २ | |
| ३१ | श्री पानमाया विश्वकर्मा | सदस्य | विदुर न.पा. ३ | |
| ३२ | श्री इन्द्र प्रसाद अधिकारी | सदस्य | विदुर न.पा. ३ | |
| ३३ | श्री तारानाथ अर्याल | सदस्य | विदुर न.पा. ३ | |
| ३४ | श्री सुनिता कुमाल | सदस्य | विदुर न.पा. ४ | |
| ३५ | श्री राममाया मिजार | सदस्य | विदुर न.पा. ४ | |
| ३६ | श्री छविलाल ओझा | सदस्य | विदुर न.पा. ४ | |
| ३७ | श्री शिव कुमार लामा | सदस्य | विदुर न.पा. ४ | |
| ३८ | श्री कुमारी नेपाली | सदस्य | विदुर न.पा. ५ | |
| ३९ | श्री विनोद चित्रकार | सदस्य | विदुर न.पा. ५ | |
| ४० | श्री होम बहादुर कुमाल | सदस्य | विदुर न.पा. ५ | |

CamScanner

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| ४१ | श्री ज्ञानु राई | सदस्य | विदुर न.पा. ६ | |
| ४२ | श्री कल्पना वि.क. | सदस्य | विदुर न.पा. ६ | कल्पना |
| ४३ | श्री रामचन्द्र पौडेल | सदस्य | विदुर न.पा. ६ | |
| ४४ | श्री रुपक कुमाल | सदस्य | विदुर न.पा. ६ | |
| ४५ | श्री इन्द्र कुमारी कार्की | सदस्य | विदुर न.पा. ७ | इन्द्र |
| ४६ | श्री विमला सुनार | सदस्य | विदुर न.पा. ७ | बिमला |
| ४७ | श्री पञ्चलाल तमाङ | सदस्य | विदुर न.पा. ७ | |
| ४८ | श्री नोमान तमाङ | सदस्य | विदुर न.पा. ७ | |
| ४९ | श्री देव कुमारी खड्का | सदस्य | विदुर न.पा. ८ | देवकुमारी |
| ५० | श्री जयराम खड्का | सदस्य | विदुर न.पा. ८ | |
| ५१ | श्री श्रीकृष्ण रिजाल | सदस्य | विदुर न.पा. ८ | |
| ५२ | श्री सिता वोगटी | सदस्य | विदुर न.पा. ९ | |
| ५३ | श्री राजकुमार श्रेष्ठ | सदस्य | विदुर न.पा. ९ | |
| ५४ | श्री राजेन्द्र श्रेष्ठ | सदस्य | विदुर न.पा. ९ | |
| ५५ | श्री कुमारी वि.क | सदस्य | विदुर न.पा. १० | |
| ५६ | श्री प्रेम बहादुर घले | सदस्य | विदुर न.पा. १० | प्रेमघले |
| ५७ | श्री मंगले बहादुर तामाङ | सदस्य | विदुर न.पा. १० | |
| ५८ | श्री कमला गिजार | सदस्य | विदुर न.पा. ११ | |
| ५९ | श्री रेवती प्रसाद चालिसे | सदस्य | विदुर न.पा. ११ | |
| ६० | श्री नवराज तामाङ | सदस्य | विदुर न.पा. ११ | |
| ६१ | श्री निर्मला नेपाल रिमाल | सदस्य | विदुर न.पा. १२ | Nirmala |

CamScanner

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| ६२ | श्री सिता मिजार | सदस्य | विदुर न.पा. १२ | |
| ६३ | श्री झंक प्रसाद भट्ट | सदस्य | विदुर न.पा. १२ | |
| ६४ | श्री मनमाया तमाङ | सदस्य | विदुर न.पा. १३ | |
| ६५ | श्री कल्पना वि.क. | सदस्य | विदुर न.पा. १३ | |
| ६६ | श्री नरसिंह दल तमाङ | सदस्य | विदुर न.पा. १३ | |
| ६७ | श्री सुभाकर पौडेल | सदस्य सचिव | विदुर नगरपालिका | |

CamScanner

# विदुर नगरपालिकाको १७औं नगरसभाबाट पारित निर्णयहरु:

**निर्णयहरू:**

१. मिति २०८१ श्रावण १ गते देखि २०८२ असार मसान्तसम्म नगर कार्यपालिका वैठकले गरेका निर्णय, न्यायिक समिति, राजश्व परामर्श समिति, योजना अनुगमन समिति, योजना फरफारक समिति, विभिन्न पदमा करार सेवामा पदपूर्ति गर्न लिएको परिक्षा समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, विपद तथा वातावरण समिति, संस्थागत विकास सेवा प्रवाह तथा सुशासन समिति, स्रोत अनुमान समिति, वजेट तथा कार्यक्रम तर्जुमा समितिले एक आर्थिक वर्ष (०८१/०८२) मा गरेका सम्पूर्ण निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

२. मिति २०८२ असार १९ गते वसेको नगर कार्यपालिका वैठकमा परामर्श दाताले अध्ययन गरी पेश गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन र उक्त वैठकले प्रतिवेदन पुनरावलोकन गरी स्वीकृतिको लागि १७औं नगरसभाको मिति २०८२/०३/२० मा भएको तेश्रो वैठकमा पेश गरेको हुँदा उक्त संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८२ अनुसारको तपसिल वमोजिमको संगठन संरचना र अधिकृतस्तर, सहायकस्तर, श्रेणी विहीन र (प्रमुख प्रशासकीय अधिकृत) समेत गरी जम्मा २५४ जनाको (स्वास्थ्य सेवा र वडा कार्यालय तर्फ समेत) को दरवन्दी तेरिज स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल:**

- प्रशासन शाखा
- खरिद तथा भण्डार इकाई
- राजश्व शाखा
- कानून शाखा
- पूर्वाधार विकास तर्फ
  - क) शहरी पुर्वाधार विकास शाखा
  - ख) भवन तथा बस्ती विकास शाखा
- योजना तथा अनुगमन शाखा
- सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा (कार्यक्रम तर्फ)
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा
- सूचना प्रविधि शाखा
- वातावरण तथा सरसफाई शाखा
- शिक्षा, युवा तथा खेलकुद शाखा
- जनस्वास्थ्य शाखा
- आर्थिक विकास शाखा
  - क) पर्यटन तथा सम्पदा उपशाखा
  - ख) रोजगार उपशाखा
  - ग) सहकारी उपशाखा
- पशुपन्छी सेवा केन्द्र
- कृषि विकास शाखा

- आर्थिक प्रशासन शाखा
- आन्तरिक लेखा परिक्षण शाखा
- नगर प्रहरी (करार सेवा)
- वडा कार्यालयहरु १३ बटा
- स्वास्थ्य चौकी ६ बटा
- आधारभूत स्वास्थ्य सेवा केन्द्र/सहरी स्वास्थ्य केन्द्र १३ बटा

३. १७औं नगरसभाको तेश्रो बैठकले स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन मध्ये कैफियतमा करार लेखिएका दरबन्दीमा पद पूर्तिको लागि लोकसेवा आयोगमा विज्ञापन गर्न माग आकृती फारम भरी नपठाउने र सामाजिक परिचालकको आठ (८) दरबन्दी मध्ये कार्यरत सामाजिक परिचालक अवकास भएमा उक्त दरबन्दी स्वतः खारेज हुने र गरीवसँग विश्वेश्वर कार्यक्रममा कार्यरत सामाजिक परिचालक दरबन्दी रिक्त भएमा कार्यक्रम सञ्चालनमा वजेट व्यवस्थापन हुँदासम्म संघीय सरकारको गरीवसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका (संशोधन), २०६६ अनुसार सम्वन्धित मन्त्रालयको स्वीकृत लिई सामाजिक परिचालक करारमा काम लगाई कार्यक्रमलाई निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

४. यस कार्यालयमा गत विगत वर्षदेखि करार सेवामा कार्यरत कर्मचारीहरुलाई आर्थिक वर्ष ०८२/०८३ (मिति २०८२/०४/०१ देखि २०८३/०३ मसान्तसम्म) को लागि करार सम्झौता नवीकरण गरी कामकाज लगाउने सर्वसम्मत निर्णय गरियो ।

५. यस कार्यालयमा गत विगत वर्षदेखि ज्यालादारीमा कार्यरत सवारी चालक, नगर प्रहरी, कार्यालय सहयोगी, माली, प्लम्वर, इलेक्ट्रिसियन, चौकीदार, बगैंचे, सरसफाई सम्वन्धी कार्य गर्ने स्वीपर लगायतका श्रेणीविहिन कर्मचारीलाई आर्थिक वर्ष ०८२/०८३ को १ वर्षका लागि सेवा गराउने गरी कामकाजमा लगाउने सर्वसम्मत निर्णय गरियो ।

६. साविक जिल्ला विकास समिति अन्तर्गत स्वायत्तरुपमा रहेका स्थानीय विकास कोष लगायतबाट विउपूँजी तथा ऋणपूँजी लगायतबाट हस्तान्तरण भई आएका कर्मचारीलाई आर्थिक वर्ष ०७५/०७६ देखि मिति २०८२ असार मसान्तसम्म म्याद थप गरी कामकाजमा लगाएकोमा यस आर्थिक वर्ष ०८२/०८३ मा पनि सेवा करार नवीकरण गरी कामकाज लगाउने सर्वसम्मत निर्णय गरियो ।

७. यस कार्यालय र अन्तर्गत वडा कार्यालयमा गत विगत वर्षदेखि ज्यालादारीमा कार्यरत कम्प्युटर अपरेटर (पाचौं) र सहायक कम्प्युटर अपरेटर (चौथो) आवश्यकता अनुसार दरबन्दी रिक्त भएको स्थानमा औचित्य र आवश्यकताको आधारमा पहिला नगरपालिका कार्यालयमा र त्यसपछि वडा कार्यालयमा नियमानुसार करार सेवामा लिनको लागि विज्ञापन गरी कारवाही प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

८. विदुर नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार रिक्त रहेको अति आवश्यक पद पूर्ति गर्न बागमती प्रदेश लोकसेवा आयोगमा माग गरी पठाउन कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

९. यस कार्यालय मातहत सञ्चालन रहेको सामी परियोजनाको संयोजक (अधिकृत छैठौं) को लागि आर्थिक वर्ष ०८२/०८३ मा संघीय सरकारको सशर्त अनुदानमा तलव भत्ताको लागि बजेट

CamScanner

व्यवस्थापन भई आएको हुँदा मिति २०८२ श्रावण ०१ गतेदेखि २०८३ असार मसान्तसम्म करार सम्झौता नवीकरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

१०. मिति २०८२ श्रावण ०१ गतेदेखि २०८२ असार मसान्तसम्म नगरप्रमुखज्यूको तोकआदेशमा कार्यान्वयन भएका आयोजना/कार्यक्रमहरु (खानेपानी, सिंचाइ, सडक, मठमन्दिर, पुरातात्विक, विपद, विद्युत लगायत सम्पूर्ण कार्यमा) भएका र विभिन्न रोगले ग्रसित नगरवासीहरुलाई औषधि उपचार र आर्थिक सहयोग लगायत शीर्षकमा भएको खर्च अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

११. मिति २०८१ श्रावण १ गतेदेखि मिति २०८२ असार मसान्तसम्म विभिन्न मितिमा बसेका कार्यपालिका बैठकबाट स्वीकृत भएका नियमावली, कार्यविधि, मापदण्ड र निर्देशिकाहरु १७औं नगरसभाको तेश्रो बैठकले अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

१२. संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाले गर्ने विभिन्न विकास आयोजना निर्माणको लागि तयार पार्ने DPR स्वीकृत गर्न नगर कार्यपालिकालाई अधिकार दिने सर्वसम्मत निर्णय गरियो ।

१३. यस नगरपालिकामा विपद लगायत अन्य कार्य समयमा नगरेमा/नगरपालिकाले तत्काल सम्वोधन नगरेमा स्थानीय जनतालाई समेत क्षती पुग्ने अवस्था भएमा नगरसभाले वजेट विनियोजन गरेर विनियोजीत शीर्षकमा वजेट भएमा प्राविधिकको लागत अनुमानको आधारमा कुनै व्यक्ति संघ संस्था, समुदाय, नागरिक समाजलाई एक पटकमा बढीमा ३ लाख सम्मको योजना र कार्यक्रमको लागि रकम उपलव्ध गराउन नगर प्रमुखज्यूलाई अधिकार दिने सर्वसम्मत निर्णय गरियो ।

१४. नदीजन्य तथा खानिजन्य पदार्थ, कवाडीको राजश्व संकलन कार्यमा फिल्डमा खटिने कर्मचारीलाई पाँचौं नगरसभाले गरेको निर्णयानुसार प्रतिदिन ३०० (तीन सय) खाजा/खाना खर्च उपलव्ध गराउने कार्यलाई निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

१५. यस कार्यालय अन्तर्गत कार्यालयको नाममा रहेका कार्यालय प्रयोजनको काममा प्रयोग हुने हेभी सवारी चालक तथा हल्का सवारीका चालकलाई प्रति महिना तपसिलमा उल्लिखित खाना/खाजा भ्रमणमा जाँदा भ्रमण खर्चको रुपममा रकम उपलव्ध गराइने छ । त्यसरी सुविधा लिने चालकलाई जिल्लाभित्र वा बाहिर जाँदा दै.भ्र.भत्ता उपलव्ध नगराउने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

- नगर प्रमुख/उपप्रमुख र प्रशासकीय अधिकृतको सवारी साधन चलाउने चालकको लागि प्रति महिना रु.१५०००/- (पन्ध्र हजार) उपलव्ध गराउने
- हेभी इक्वीपमेण्ट (स्काभेटर, जे.सि.भी. र व्याकहो लोडर) चालकको लागि रु.१००००/- (दश हजार) उपलव्ध गराउने
- ट्रिपर/दमकल लगायत हेभी र हल्का सवारी चालकको लागि प्रति महिन रु.८०००/- (आठ हजार) उपलव्ध गराउने ।

➢ विपद तथा दमकल शाखामा कार्यरत फायरम्यानलाई खाजा/खाना खर्चको लागि मासिक रु.५००० (पाँच हजार) उपलव्ध गराउने र सो वाहेक अन्य कुनै पनि सुविधा उपलव्ध नगराउने सर्वसम्मत निर्णय गरियो ।

१६. एक वडा एक प्राविधिक र कृषि तथा पशु शाखामा संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदनले केही दरवन्दी थप गरेको हुँदा प्राविधिक पदमा करार सेवाको लागि विज्ञापन गरी रिक्त ठाउँमा नियमानुसार पदपूर्ति गर्न कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

१७. यस कार्यालयको आ.व.०८१/०८२ मा लक्ष्य अनुसारको आन्तरिक श्रोततर्फको राजश्व संकलन नहुनुको साथै संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न शीर्षकमा रकम कम निकासा भएको हुँदा उक्त आ.व.को पुँजीगत तथा अत्यावश्यक चालु तर्फको रकम भुक्तानी दिन वाँकी रहेकोले उक्त रकम भुक्तानी दिन वाँकी शीर्षकमा अभिलेख गरी आ.व.०८२/०८३ को विगत वर्षको भुक्तानी दिन वाँकी शीर्षकमा विनियोजीत वजेटवाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

१८. १७औं नगरसभामा पेश भएका तपसिलमा उल्लिखित विधेक स्वीकृत गर्ने सर्वसम्मत निर्णण गरियो ।

➢ विदुर नगरपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधेयक,२०८२
➢ विदुर नगरपालिकाको आर्थिक वर्ष ०८२/०८३ को लागि संचित कोषवाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०८२
➢ विदुर नगरपालिकाको मध्यकालिन खर्च संरचना २०८२/०८३

१९. दरवन्दीमा रहेका सामाजिक परिचालक (सहायक चौथो) कर्मचारीलाई हाल नेपाल सरकारले तोकेको सहायकस्तर चौथो तह सरहको तलव स्केल अनुसार तलव उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

२०. आर्थिक वर्ष ०८२/०८३ का लागि कार्यालयलाई आवश्यक पर्ने सामानहरु खरिद गर्न एकद्वार नीति लिने र खरिद इकाई मार्फत त्यसलाई व्यवस्थित गर्न देहाय वमोजिमको खरिद इकाई गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

संयोजकः आर्थिक प्रशासन शाखा प्रमुख
सदस्यः प्रशासन शाखा प्रमुख
सदस्यः जिन्सी शाखा प्रमुख

द्रष्टव्यः आवश्यक परामर्शका लागि आमन्त्रित सदस्य रहन सक्नेछ ।

२१. आर्थिक वर्ष ०८२/०८३ को वोलपत्र तथा शिलबन्दी दरभाउ पत्रको खरीद विधि मार्फत कार्यान्वयन हुने योजना कार्यक्रमको मूल्याङ्कन गरी स्वीकृतको लागि सिफारिस गर्न देहाय वमोजिम वोलपत्र मूल्यांङ्कन समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

संयोजकः आर्थिक प्रशासन शाखा प्रमुख
सदस्यः योजना शाखा प्रमुख
सदस्यः प्राविधिक शाखा प्रमुख

प्राविधिक शाखाले सचिवालयको काम गर्नेछ ।

CamScanner

द्रष्टव्यः आवश्यक परामर्शका लागि आमन्त्रित सदस्य रहन सक्नेछ ।

२२. ठेक्का वा उपभोक्ता समिति मार्फत सञ्चालन हुने पूर्वाधार तर्फका योजनामा कार्यालयले ४ प्रतिशतका दरले कन्टिन्जेन्सी रकम कट्टा गर्ने र सो कन्टिन्जेन्सी रकम योजना तथा प्राविधिक कार्यका लागि खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

२३. यस कार्यालयमा कार्यरत कर्मचारीको आ.व.०८१/०८२ को वार्षिक तलवी प्रतिवेदन अनुमोदन गरी आगामी आ.व.०८२/०८३ को प्रस्तावित तलवी प्रतिवेदन पारित गर्न नगर कार्यपालिकालाई अधिकार दिने सर्वसम्मत निर्णय गरियो ।

२४. यस नगरपालिकाभित्र रहेका सडक एवं मोटर बाटोहरुको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयहरुसँग समन्वय गरी कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

२५. संघीय तथा प्रदेश सरकारवाट निर्माण तथा स्तरोन्नती हुने सडकहरुको Right of Way (सडक मापदण्ड) र नगरपालिकाले तोकेको सडक मापदण्डमा फरक पर्न गई दुविधा उत्पन्न हुन गएकोले सडक मापदण्ड एकरुपता कायम गर्नको लागि निर्माण कार्य अघि नै नगरपालिकासँग आवश्यक समन्वय हुने व्यवस्थाको लागि सम्वन्धित निकायमा पहल गर्ने सर्वसम्मत निर्णय गरियो ।

२६. स्थानीयतह संस्थागत क्षमता स्वमूल्याङ्कन अन्तर्गत आर्थिक वर्ष ०८०/०८१ को मूल्याङ्कनमा विदुर नगरपालिकाले ७६.७५ अंक प्राप्त गरेकोले सो अंकलाई अनुमोदन गरी आगामी वर्ष सवै सूचकहरुमा उत्कृष्ट अंक ल्याउने गरी सवै शाखा प्रमुखहरुलाई आ-आफ्नो जिम्मेवारी निर्वाह गर्न लगाउने सर्वसम्मत निर्णय गरियो ।

२७. यस विदुर नगरपालिकाको आ.व.२०८०/०८१ को लेखापरिक्षण प्रतिवेदनमा औंल्याएका वेरुजु मध्ये असुल उपर गर्नुपर्ने भए असुल उपर गर्ने र प्रमाण पुर्याई सम्परिक्षण गर्नु पर्ने भएमा समयमै सम्परिक्षण गर्ने प्रत्येक आ.व.को लेखा परिक्षणमा औंल्याएका विषयहरु अभिलेख वनाई चुस्त, दुरुस्त राख्न कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

२८. सार्वजनिक निजी साझेदारीको अवधारण बमोजिम विविध कार्यक्रमलाई अगाडि वढाउन संघीय, प्रदेश र नेपाल सरकारले स्थापना गरेको विभिन्न कार्यालय सामाजिक संघसंस्था साझेदारीमा गरिने विभिन्न कार्यक्रम सञ्चालन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

२९. स्वीकृत वार्षिक नगर विकास कार्यक्रम तथा बजेटलाई प्राथमिकताका आधारमा नियमानुसार सामान्य संशोधन, थप घट, हेरफेर, रकमान्तर लगायत परिमार्जन गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

३०. नगरपालिकाको वार्षिक कार्यक्रमलाई सहयोग पुग्ने गरी दातृ निकाय वा साझेदारी संघ संस्थाले पेश गर्ने कार्यक्रम स्वीकृत गरी एकपक्षिय, बहुपक्षिय सम्झौता एवं समझदारी गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

CamScanner

३१. राजश्व परामर्श समितिको सिफारिसमा सम्पत्ति कर, दस्तुर महशुल शुल्कमा संशोधन तथा हेरफेर गर्ने वा नगरपालिका क्षेत्रभित्र करको दर कायम गर्ने विषय नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

३२. रु.३ लाखसम्म अनुदान भएका योजनाहरुको अनुगमनमा कुनै कैफियत देखिएमा स्वयं जिम्मेवार हुने गरी सम्बन्धित वडा स्तरीय अनुगमन समितिलाई अनुगमन गर्न दिने र सो भन्दा माथिका योजनाहरुको उप-प्रमुखज्यूको संयोजकत्वमा नगर स्तरीय अनुगमन समितिवाट अनुगमन गर्ने सर्वसम्मत निर्णय गरियो ।

३३. नगरपालिकाबाट भुक्तानी हुने विभिन्न कारोबारको रकम भुक्तानी दिँदा उक्त व्यक्ति वा फर्मले विदुर नगरपालिकामा व्यवसाय दर्ता गरेको हुनुको साथै प्रत्येक वर्ष नवीकरण गरेको हुनु पर्नेछ । त्यसरी दर्ता तथा नवीकरण नभएका व्यक्ति/संस्था र फर्मलाई रकम भुक्तानीमा रोक लगाइने सर्वसम्मत निर्णय गरियो ।

३४. यस नगरपालिकाबाट गरिने भौतिक पूर्वाधार र विकास निर्माणका योजनाहरुको काम सम्पन्न भएको एक हप्ताभित्रमा सम्वन्धित वडा प्रतिनिधिहरुको रोहबरमा योजना स्थलबाट नै योजना निर्माण गर्नेले अनिवार्य सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो ।

३५. मिति २०७९ माघ २१ गते बसेको नगर कार्यपालिका वैठकले निर्णय नं.३ मा गरेको प्रति वैठक भत्ता रु.१०००(एक हजार) दिने निर्णयलाई अनुमोदन गरी उक्त निर्णय आ.व.०८२/०८३ मा पनि लागू गर्ने सर्वसम्मत निर्णय गरियो ।

३६. विदुर नगरपालिका अन्तर्गतको नगरस्तरीय योजना मध्ये साझेदारी रकम समेत गर्दा १० लाख सम्मको योजना उपभोक्ता समिति र त्यस भन्दा माथिका योजनाहरु ठेक्का प्रक्रियावाट गर्ने सर्वसम्मत निर्णय गरियो ।

३७. नगरवासी असहाय, निमुखा, गरिब र विपन्न नागरिकहरुलाई औषधि सेवनका लागि नगर प्रमुखज्यूको आदेशमा नगरपालिकावाट बढीमा रु.१०,०००(दश हजार) औषधि खर्चको रुपमा रकम उपलब्ध गरउने सर्वसम्मत निर्णय गरियो ।

३८. विदुर नगरपालिका वडा नं.१,७,८ र ९ वडामा म्यागङ गा.पा.वडा नं.२ को गदिया खोलाको मुहान गरी खानेपानी योजना निर्माणाधिन रहेको र उक्त खानेपानी मुहानमा रहेका वासिन्दाले पनि खानेपानीको समस्या भई यस नगरपालिकामा माग प्रस्तुत गरेको हुँदा उक्त मागलाई सम्वोधन गरी नगरपालिकाको खानेपानी समस्या समाधान गर्न नगर कार्यपालिकालाई अधिकार दिने सर्वसम्मत निर्णय गरियो ।

३९. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न विषयमा विभिन्न मितिमा दिएको सुझावहरुको विषयमा छलफल गरी कार्यान्वयन प्रक्रियामा लैजान नगर कार्यपालिकालाई अधिकार दिने सर्वसम्मत निर्णय गरियो ।

४०. यस नगरपालिकाको आ.व.०८०/०८१ को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRAB) मा विदुर नगरपालिकाले ७६.५अंक प्राप्त गरेकोले सो नतिजालाई अनुमोदन गरी आगामी वर्ष सवै सूचकहरुमा उत्कृष्ट अंक ल्याउने गरी सवै शाखा प्रमुखहरुले आ-आफ्नो जिम्मेवारी निर्वाह गर्ने सर्वसम्मत निर्णय गरियो ।

CamScanner

४१. आर्थिक वर्ष ०८०/०८१ मा न्यायिक समिति मार्फत गरिएको कार्य प्रगती सम्वन्धी प्रतिवेदन नगर सभामा पेश गरेको हुँदा उक्त प्रतिवेदन छलफल गरी पारित गर्ने सर्वसम्मत निर्णय गरियो

४२. यस नगरपालिकामा सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा, कृषि तथा पशु शाखामा कार्यरत कर्मचारीको तलवको ५० प्रतिशत रकम सङ्घीय सरकारवाट विनियोजन भई आएको हुँदा उक्त कार्यक्रमलाई निरन्तरता दिने र कार्यरत कर्मचारीको नपुग तलव रकम यस नगरपालिकाले बेहोर्ने र सामी परियोजनालाई सङ्घीय सरकार र प्रदेश सरकारवाट पनि कार्यक्रमलाई निरन्तरता दिन रकम विनियोजन भएको हुँदा उक्त कार्यक्रम कार्यान्वयन गर्ने क्रममा गत आ.व.मा नियुक्ति भएका कर्मचारीलाई निरन्तरता दिई नपुग रकम यस नगरपालिकावाट वेहोर्ने सर्वसम्मत निर्णय गरियो।

४३. यस कार्यालयमा रहेका टिफर, स्काभेटर र जे.सि.भी.सहितका साधनले सडक सरसफाई मर्मत र नयाँ निर्माण कार्य गर्नुको साथै नगरवासी जनताको मागलाई समेत मध्येनजर गरी आँफूसित भएका उल्लिखित साधन बाहेक अन्य व्यक्ति, संघ संस्थावाट टिफर, स्काभेटर र जे.सि.भी. ल्याई सडक निर्माण तथा मर्मत कार्य समेत गर्ने गरेको र उक्त कार्यको लागि उपलव्ध हेभी इक्वीपमेण्टहरु (टिफर, स्काभेटर र जे.सि.भी.) मा इन्धन प्रयोग गरी प्राविधिक मूल्यांकनको आधारमा गत विगत वर्षहरुमा झै पेट्रोल पम्पहरुलाई रकम भुक्तानी दिएको हुँदा आर्थिक वर्ष ०८१/०८२ को हेभी इक्वीपमेण्टको इन्धन खर्च अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

४४. मालपोत कार्यालय नुवाकोटवाट प्राप्त भएको सार्वजनिक जग्गाको अभिलेख र यस नगरपालिकाको नाममा रहेको जग्गाको अभिलेख नगरसभामा पेश भई छलफल गरी अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

४५. साविक तुप्चे गाउँ विकास समितिको कार्यालयमा कार्यालय सहायक पदमा नियुक्त भई कार्यरत श्री राजेन्द्र प्रसाद रिजाल राज्य पुनःसंरचना हुँदा उक्त गा.वि.स.वाट यस नगरपालिकामा गाभिई विदुर नगरपालिका वडा नं.७ कायम भएको र निज स्वतःयस नगरपालिकामा समायोजन भई वरिष्ठ सहायक पाँचौं पदवाट मिति २०८१/०४/०७ मा अवकाश हुनु भएकोले निजको उपदान,औषधिं उपचार, विदाको रकम भुक्तानी दिन बाँकी रहेको हुँदा यस आर्थिक वर्ष ०८२/०८३ मा रकम व्यवस्था गरी उल्लिखित सुविधा वापतको रकम निज नियुक्त हुँदाको नियमानुसार भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

४६. यस नगरपालिकामा गत विगत वर्षदेखि कायम रहेको विभिन्न प्रकारको वेरुजुहरु संपरिक्षण गर्ने क्रममा आर्थिक वर्ष ०७४/०७५ देखि कायम रहेको वेरुजुको लगत तयार भई समिति गठन गरी संलग्न वेरुजु माथि दफावार छलफल भई प्रमाण पुगेको वेरुजु संपरिक्षण गरी लगत कट्टा अन्तिम लेखापरिक्षण टोली समक्ष पेश गरी संपरीक्षण गर्न अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

४७. रिक्त दरवन्दीमा पद पूर्ति सम्वन्धमाः

यस कार्यालयमा रिक्त रहेको प्राविधिक पदहरुमा पदपूर्ति गर्न तपसिल वमोजिम एक परीक्षा समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिलः</u>

अधिकृतस्तरको पदका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल वमोजिमको समिति हुने छ ।

संयोजकः प्रमुख प्रशासकीय अधिकृत
सदस्यः योजना शाखा प्रमुख
सदस्यः सम्वन्धित शाखा प्रमुख
सदस्यः नगर प्रमुखवाट मनोनित सम्वन्धित विषयको विज्ञ
सदस्य सचिवः प्रशासन शाखा प्रमुख

४८. रिक्त दरवन्दीमा पद पूर्ति गर्दा परीक्षा समितिको संयोजक, सदस्य र सो कार्यमा खटिने अन्य कर्मचारीहरुलाई लोक सेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधिको मापदण्ड अनुसार सेवा सुविधा उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

४९. यस नगरपालिका पनि पूर्ण खोप घोषणा भइसकेको हुँदा आगामी वर्षमा पनि उक्त कार्यक्रमलाई निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

५०. प्रमुख प्रशासकीय अधिकृतको पद जोखिमयुक्त वन्दै गएकोले यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई वढीमा मासिक रु.१०,००० (दश हजार) जोखिम भत्ता उपलव्ध गराउनें सर्वसम्मत निर्णय गरियो ।

५१. मनोविमर्शकर्ता यशोदा रिजाललाई कार्यक्रममा वजेट विनियोजनमा रकम पुग्ने भएमा सहायक चौथो तह सरहको तलव उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

५२. यस विदुर नगरपालिकाको १७औं नगरसभाको अधिवेशन सम्पन्न गर्न सहयोग गर्नु हुने नगरसभाका सदस्यज्यूहरु, सम्पूर्ण वुद्धिजिवी, समाजसेवी, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, नागरिक समाज, उद्यमी, व्यवसायी, नगरवासी, सञ्चारकर्मी र नगर सभाका लागि खटिने सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्ने सर्वसम्मत निर्णय गरियो।

धन्यवाद!

CamScanner